# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# HARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं.: ०८०/०८१ विपद
च.नं. २४४५९

मिति : २०८०।९।२४

**विषय : विवरण उपलब्ध गराइ दिनुहुन ।**

श्री सबै वडा कार्यालयहरू (१ देखि २९ ),
भरतपुर महानगरपालिका

जिल्ला प्रशासन कार्यालय, चितवनको मिति २०८०/०९/२० प.सं. २०८०/०८१ च.नं. २०४/ ३४४६ को पत्रबाट गृह मन्त्रालयको परिपत्र, जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८०/०९/४ को निर्णय र मिति २०८०/०९/१८ गते जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी निकायसँग गरिएको समन्वय बैठकको निर्णयानुसार यस वर्षको चिसो मौसम शुरु भइसकेको र शीतलहर तथा चिसोबाट हुनसक्ने सम्भावित क्षति कम गर्न पूर्व तयारी तथा प्रतिकार्यका लागि त्यस वडाका तपसिलमा उल्लेखित विवरणहरू यथाशीघ्र महानगरपालिकाको विपद् व्यवस्थापन शाखा वा ईमेल balkrishna127@gmail.com मा पठाइदिनु हुन अनुरोध छ ।

तपसिल

| क्र. सं. | चिसोबाट प्रभावित हुनसक्ने सम्भावित विपन्न समुदाय एवम् वस्ती | अति विपन्न, सङ्कटापन्नहरू र चिसोबाट जोखिममा पर्न सक्ने परिवारको सदस्य संख्या | घरमूलीको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

थप जानकारी तथा समन्वयका लागि
अधिकृत श्री बालकृष्ण थपलिया, मोवाइल नं. ९८४५०५११२७

ओमप्रसाद पाण्डे
उपसचिव
( वातावरण तथा विपद् व्य.महाशाखा प्रमुख )

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोन: ०५६-५२१६४४
०५६-५२०११८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०७४७

प.सं. ०८०/०८१
च.नं. २०४/३८४८

मितिः-२०८०।०९।२०

विषयः **विवरण पठाउने सम्बन्धमा।**

श्री भरतपुर महानगरपालिका, चितवन ।
श्री रत्ननगर नगरपालिका, चितवन ।
श्री खैरहनी नगरपालिका, चितवन ।
श्री कालिका नगरपालिका, चितवन ।
श्री राप्ती नगरपालिका, चितवन ।
श्री माडी नगरपालिका, चितवन ।
श्री ईच्छाकामना गाउँपालिका, चितवन ।

प्रस्तुत विषयमा गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा प.सं. ०८०/०८१ च.नं. ८० मिति २०८०/०९/१६ को पत्र निर्देशनानुसार तथा मिति २०८०/०९/०४ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक एवं मिति २०८०/०९/१८ गतेको जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी निकायसँग समन्वय बैठकको निर्णयानुसार यस वर्षको चिसो मौसम शुरु भइसकेको र शीतलहर तथा चिसोबाट हुने सम्भावीत क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवं प्रतिकार्य गर्ने सम्बन्धमा त्यस पालिका अन्तरगत चिसोबाट प्रभावित हुनसक्ने सम्भावीत विपन्न समुदाय एवं बस्तीहरुको पहिचान गरी, पहिचान भएका समुदाय एवं बस्तीहरुमा रहेका व्यक्ति एवं परिवारहरु मध्ये पनि अति विपन्न, संकटापन्नहरु र चिसोबाट जोखिममा पर्न सक्ने परिवारको सदस्य संख्या तथा घरमूलीको नाम समेत एकीन गरी पठाइदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८०।०९।२०
प्रशासकीय अधिकृत